# फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेडको एघारौं वार्षिक साधारण सभामा भएका काम कारवाहीका विवरण तथा निर्णयहरु

## १. बैधानिक सभाः

यस लघु वित्त वित्तीय संस्थाको सञ्चालक समितिको मिति २०७७ कार्तिक २२ गते बसेको १७१ औं बैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ र यस लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बोलाइएको एघारौं वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा निम्न लिखित मिति, स्थान र समयमा बसी देहायका विषयहरु उपर छलफल र निर्णय भई देहाय बमोजिम एघारौं बार्षिक साधारण सभा सम्पन्न भयो ।

## २. सभाको मिति, स्थान र समयः

मितिः २०७७ मंसिर १८ गते विहिवार (तदनुसार डिसेम्वर ०३, २०२०)
स्थानः आम्रपाली व्याङ्केट, भाटभटेनी, काठ्माण्डौं ।
समयः विहान ११:०० बजे प्रारम्भ भई १२:४५ बजे सम्पन्न ।

## ३. सभाको सूचनाः

कम्पनी ऐन, २०६३ को दफा ६७ (२) को प्रावधान अनुसार एघारौं वार्षिक साधारण सभा हुने, स्थान, मिति, समय र छलफल हुने विषयहरु सहितको विवरण खुलाई सभामा शेयरधनीहरुको उपस्थितिको लागि सार्वजनिक सूचना मिति २०७७/०७/२४ गतेको आर्थिक अभियान दैनिक र २०७७/०८/०४ गतेको कारोबार दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित गरिएको थियो । सञ्चालक समितिले साधारण सभामा प्रस्तुत गर्ने प्रस्तावहरु र कम्पनी ऐन २०६३ बमोजिमको शेयरधनीहरुलाई पठाउनु पर्ने संक्षिप्त आर्थिक विवरण शेयरधनी महानुभावहरुको जानकारीका लागि सूचना प्रकाशित गर्दाको वखत राष्ट्रियस्तरको दैनिक पत्रिकामा प्रकाशन गरिएको थियो । साथै, लघु वित्त वित्तीय संस्थाको *website: www.fmdb.com.np* बाट पनि सूचना सहितको वार्षिक प्रतिवेदन उपलव्ध हुन सक्ने गरी राखिएको थियो । प्रकाशित गरिएको सूचना बमोजिम नै कोभिड १९ को महामारीका कारण नेपाल सरकारले तोकेको सीमा भन्दा बढी व्यक्ति भेला हुन नपाईने हुनाले अनलाइन (भर्चुअल) माध्यमबाट सभामा भागलिन भर्चुअल मार्फत उपस्थित हुने शेयरधनी महानुभावहरुलाई मिटिङ्ग आइडि तथा पासकोड उपलब्ध गराई सहभागी हुने व्यवस्था मिलाईएको थियो ।

## ४. उपस्थिति :

### (क) सञ्चालकको उपस्थिति

| | |
|---|---|
| १. श्री सुरेन्द्रराज रेग्मी (प्रतिनिधिः ग्लोबल आइएमई बैंक लि.) | अध्यक्ष |
| २. श्री गणेश कुमार के.सी. (प्रतिनिधिः कुमारी बैंक लि.) | सञ्चालक |
| ३. श्री उमेश कटुवाल | सञ्चालक |
| ४. श्री युवराज क्षेत्री | सञ्चालक |
| ५. श्री बामदेव गौली | सञ्चालक |
| ६. श्री ज्ञानेन्द्र ईवाहाङ (प्रतिनिधिः गोर्खाज फाइनान्स लिमिटेड) | सञ्चालक |
| ७. श्री रीता दीक्षित (अर्याल) | स्वतन्त्र सञ्चालक |



First Microfinance

(ख) पर्यवेक्षक, आमन्त्रित एवं पदाधिकारी :

१. श्री हरि प्रसाद अधिकारी (उप-रजिष्टार) प्रतिनिधि, कम्पनी रजिष्टार कार्यालय
२. श्री गोमा राना — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.
३. श्री रेभा श्रेष्ठ — प्रतिनिधि, शेयर रजिष्ट्रार, ग्लोबल आइएमई क्यापिटल लि.

**व्यवस्थापनका पदाधिकारी**

| | |
|---|---|
| १. श्री नुमनाथ पौडेल | प्रमुख कार्यकारी अधिकृत |
| २. श्री दानराज पन्त | कम्पनी सचिव/का.मु.नायव प्रमुख कार्यकारी अधिकृत |
| ३. श्री विजय शर्मा | सहायक प्रवन्धक |
| ४. श्री ज्ञानेन्द्र वाग्ले | सहायक प्रबन्धक |
| ५. श्री दिना डंगोल | वरिष्ठ अधिकृत |

(ग) शेयरधनीको उपस्थितिः

| | |
|---|---|
| स्वयं भौतिक उपस्थिति - | ८० जना । |
| अनलाइन (भर्चुअल) माध्यमबाट - | ३ जना । |
| प्रतिनिधि मार्फत् - | २६ जना । |
| **उपस्थिति प्रतिशत -** | **५७.२२** |

**५ सभामा प्रस्तुत छलफलका विषयहरुः**

क) सामान्य प्रस्ताव

१) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) वमोजिम समानान्तर रुपमा तयार गरिएको बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पुँजीको ४.१८४२ प्रतिशतले हुने रु.३,३५,०४,६८३ (अक्षेरपि रु.तिन करोड पैंतिस लाख चार हजार छ सय त्रियासी मात्र) नगद लाभांश (कर सहित) पारित गर्ने ।

४) कम्पनीको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन,२०७३ र कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम वहालवाला लेखापरीक्षक श्री पिवाइसी एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।



First Microfinance

## ख) विशेष प्रस्ताव

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पुँजीको ९.५० प्रतिशतले हुने रु.७,६०,७०,४५४ (अक्षेरपि रु. सात करोड साठी लाख सत्तरी हजार चार सय चौवन्न मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

७) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुँजी रु.८०,०७,४०,७४६ (अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस) बाट बृद्धि गरी रु.८७,६८,११,२०० (अक्षरेपी रु.सतासी करोड अठसठ्ठी लाख एघार हजार दुई सय) पुऱ्याउने ।

८) सञ्चालकहरुको बैठक भत्ता पुनरावलोकन गर्ने ।

९) उपरोक्त प्रस्तावहरु बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

१०) राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने सम्बन्धी नियमावली, २०७३ बमोजिम फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्न स्वीकृत गर्ने ।

## ग) विविध

११) सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

## ६. सभाको बैधानिकता र सभाको अध्यक्षता:

६.१ कम्पनी ऐन, २०६३ तथा लघु वित्त वित्तीय संस्थाको नियमावली बमोजिम बार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐनको दफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तिमा ३ जना शेयरधनीको उपस्थिति हुनु पर्ने प्रावधान बमोजिम लघु वित्त वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभामा राखिएको शेयरधनीको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीहरुको संख्या १०९ भएको र कुल ४५,८१,६०७.८४ कित्ता शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयर संख्याको ५७.२२ प्रतिशत प्रतिनिधित्व भई साधारण सभाको गणपूरक संख्या पुगेको । साथै, प्रचलित कम्पनी कानुन अनुसार सभा बैधानिक भएकोले रीतपुर्वक साधारणसभाको कारवाही अघि बढाउन सकिने व्यहोरा कम्पनी सचिवले जानकारी गराउनु भयो ।

६.२ लघु वित्त वित्तीय संस्थाको नियमावलीमा भएको प्रावधान बमोजिम यस सभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्षज्यूले गर्ने व्यवस्था कम्पनी सचिवले जानकारी गराएपछि विहान ११:०० बजे सञ्चालक समितिका अध्यक्ष श्री सुरेन्द्रराज रेग्मीज्यूको अध्यक्षतामा तथा सम्पूर्ण सञ्चालकज्यूहरुको उपस्थितिमा लघु वित्त वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा सुरु भयो ।

## ७. वार्षिक साधारण सभाको प्रस्तुती :

७.१ कम्पनी सचिवज्यूले सभा सञ्चालन गर्नु पूर्व एघारौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट अभिवादन गर्नुभयो ।

७.२ प्रमुख कार्यकारी अधिकृतज्यूले एघारौं वार्षिक साधारण सभामा उपस्थित शेयरधनी महानुभावहरुलाई लघु वित्त वित्तीय संस्थाको तर्फबाट स्वागत एवं प्रमुख कार्यकारी अधिकृतको तर्फबाट प्रतिवद्धता व्यक्त गर्नुभयो ।

७.३ अध्यक्षज्यूले पूर्व निर्धारित छलफलको विषय सूची अनुसार आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन साधारण सभामा प्रस्तुत गरी छलफलका लागि सभा समक्ष पेश गर्नु भयो ।

## ८. छलफलको लागि आह्वान र सहभागी शेयरधनी महानुभावहरु

सभामा शेयरधनी महानुभावहरुबाट लघु वित्त वित्तीय संस्थाको वार्षिक प्रतिवेदन, लेखा विवरण आदिमा निम्नानुसार आफ्नो जिज्ञासा, मन्तब्य तथा सुझावहरु व्यक्त गर्नु भएको थियो ।

८.१ शेयरधनी श्री डमरुबल्लभ घिमिरेज्यूले भर्चुअल माध्यमबाट आफ्नो धारणा राख्दै यस्तो विषम परिस्थितिमा पनि साधारण सभा सञ्चालन गरी १३.५० प्रतिशत लाभांश वितरण गरेकोमा व्यवस्थापनलाई धन्यवाद तथा आभार प्रकट गर्नु भयो । यस संस्थाको साधारण सभा नाम अनुसारनै सबै भन्दा पहिले हुन्छ भन्ने अपेक्षा गरिएकोमा ११औं बार्षिक साधारण सभा केहि ढिला भएको मनसाय व्यक्त गर्नु भयो । यसमा व्यवस्थापन अलि सुस्त भएको हो कि भन्ने आसय समेत व्यक्त गर्नु भयो । बार्षिक प्रतिबेदन समयमानै म जस्ता शेयरधनीहरुको हातमा उपलब्ध गराएकाले प्रतिबेदन हेर्ने र विश्लेषण गर्ने अबसर प्राप्त भएकोमा धन्यबाद तथा बधाई ज्ञापन गर्नु भयो । प्रमुख कार्यकारी अधिकृत नुमनाथ पौडेललाई स्वागत गर्दै निवर्तमान प्रमुख कार्यकारी अधिकृत भेषराज पन्थीले संस्था संचालनमा पुर्याउनु भएको योगदानको प्रसंशा गर्दै धन्यबाद समेत दिनु भयो । नेपाल राष्ट्र बैंकबाट साधारण सभाको स्वीकृती भए पश्चात पनि २० दिन सभा बस्न ढिला भएको गुनासो गर्नु भयो । संचालक समिति तथा व्यवस्थापनलाई संस्थाको सम्पत्तिको रुपमा रहेका कर्मचारीहरुको वृत्ति विकासका लागि समयमानै यथोचित कदम चाल्न समेत आग्रह गर्नुभयो । संचालकको बैठक भत्ताको पुनरावलोकनका विषयमा संस्थाको क्षमताको आधारमा बैठक भत्ता निर्धारण गर्नु पर्ने राय व्यक्त गर्नु भयो । अन्त्यमा बार्षिक प्रतिवेदन शेयरधनीहरुको प्रतिवेदन भएकाले आगामी दिनहरुमा साधारण सभाका फोटो तथा तस्विरहरु समेत समावेश गर्न सुझाब दिनु भयो । संस्थाको उत्तरोत्तर प्रगतिको कामना गर्दै आगामी बर्ष आश्विन मसान्त भित्रनै साधारण सभा गर्न सकोस् भन्दै आफ्नो भनाई समाप्त गर्नु भएको थियो ।

८.२ दोस्रा वक्ता शेयरधनी श्री शिव प्रसाद पौडेलज्यूले भर्चुअल माध्यमबाट बार्षिक प्रतिवेदनको समीक्षा गर्दै यस बर्षको बार्षिक साधारण सभा ढिलो भएता पनि "घ" वर्गको लघुवित्त वित्तीय संस्थाहरुमा पहिलो भएको र आगामी दिनमा साधारण सभा दशै अगाडि सम्पन्न गर्न सुझाव दिनु भयो । विगत देखि संस्था संचालनमा योगदान दिने कर्मचारीको साधारण सभामा सम्मान गरियो भने यसले राम्रो सन्देश दिने विचार व्यक्त गर्नुभएको थियो । संस्थामा प्रविधिको प्रयोग तथा अभ्यास गर्दै जान सुझाव दिनु भयो । निर्वाचन सम्बन्धी कार्य तालिका अन्त्यमा हुनु पर्ने विचार राख्दै शेयरधनीहरुको खण्डिकृतमा रहेका शेयरहरुलाई मिलान गरी पुर्ण अंक हुने व्यवस्था मिलाउन सल्लाह दिनु भयो ।

८.३ शेयरधनी श्री उद्धवप्रसाद घिमिरेज्यूले यस लघु वित्त वित्तीय संस्थाको एघारौं बार्षिक साधारण सभामा राय तथा टिप्पणी गर्ने समय उपलब्ध गराउनु भएकोमा धन्यबाद दिनु भयो । नयाँ प्रमुख कार्यकारी अधिकृत आउनु भएकोमा स्वागत गर्दै उहाँले संस्थाको स्थापना गरी आधार तय गरेर जानु भएकोमा फेरी फर्कनु भएको र लाभांश १५ प्रतिशतबाट नघट्ने गराउन ध्यानाकर्षण गराउनु भयो । कोरोनाको समयमा समीक्षा वर्षको प्रतिफल राम्रै भएता पनि आगामी दिनमा २० देखि २५ प्रतिशतको प्रतिफल होस् भन्ने सुभेच्छा व्यक्त गर्नु भयो । ४ वटा थोक लघु वित्त वित्तीय संस्था मध्ये यो संस्था स्थापना देखि निष्कृय कर्जा शुन्य रहेको धारणा राख्नु भयो । नेपाल राष्ट्र बैंकको नीति बमोजिम उपयुक्त लघुवित्त संस्था खोजि मर्जर तथा प्राप्ति गर्न ध्यानाकर्षण गर्नु भयो । घोषणा गरिएको लाभांश सन्तोषजनक रहेको लाभांश वितरण गर्दा ५० प्रतिशत नगद तथा ५० प्रतिशत बोनस शेयर राम्रो हुने विचार राख्नु भयो । योग्य व्यवस्थापन रहेकाले संस्थाको सम्पतिको गुणस्तर राम्रो रहेको, वासलातका वित्तीय सूचकहरु राम्रो रहेको, नाफा नोक्सानको अवस्था राम्रो रहेको धारणा राख्दै एनएफआरएस अनुसार वित्तीय बिवरणको प्रस्तुतिकरण गरेकोमा धन्यवाद दिनु भयो । विगतमा आइक्यानबाट विपिए अवार्डस पनि पाएकोमा यतिले नपुग्ने अझ ठुलो अवार्डस पाउनको लागि कार्य गर्न सल्लाह दिनु भयो । विपन्न वर्गलाई थोक लघुकर्जा प्रवाह गरेर ७७ जिल्लामा कार्यक्षेत्र भएका लघुवित्त संस्थाहरु मार्फत सेवा विस्तार गरेको तथा बार्षिक प्रतिवेदनमा कालापानी समेतको नेपालको नक्सा राख्नु राम्रो पक्ष भएको र थोक लघुकर्जा प्रदान गर्ने संस्थाहरुमा यस संस्था फर्स्ट हुन सकोस् भनी शुभकामना दिनु भयो ।

८.४ शेयरधनी श्री इन्द्र कृष्ण श्रेष्ठले सुझाव तथा टिप्पणीको अवसर दिइएकोमा धन्यवाद व्यक्त गर्नु भयो । जस्तो नाम उस्तै काम गर्न सकेकोमा संचालक समिति तथा कर्मचारीलाई धन्यबाद दिनु भयो । विहिबारको दिन साधारण सभा भएकोमा बृहस्पतिले रक्षा गरुन् भनी कामना गर्नु भयो । सभामा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतको बस्ने सिट संगै राख्न सुझाव दिनुभयो । यस संस्थाको संस्थापक राम्रा रहेका, लघुवित्त वित्तीय संस्थाहरु मर्जर भई ८४ भन्दा तल झरेका अब ५० मा झर्ने संभावना रहेको धारणा राख्नु भयो । यस लघु वित्त वित्तीय संस्थाले सामाजिक उत्तरदायित्वमा राम्रो कार्य गरेको र नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम २ प्रतिशत तथा १० प्रतिशत व्याज छुट दिएको रहेछ भन्दै आफ्ने मन्तव्य समाप्त गर्नु भयो ।

८.५ शेयरधनी श्री नरसिंहलाल चखूंले साधारण सभामा लिखितरुमा आफ्नो सुझावहरु राख्नु भएको थियो । संस्थाको वासलात प्रगतिउन्मुख रहेको, कोभिडको समयमा पनि समयमा नै साधारण सभा गरिएकोमा धन्यबाद व्यक्त गर्नुभएको । लगानीको प्रतिफलमा ध्यान दिइएको, प्रति शेयर आम्दानी घटेकोमा आगामी दिनमा बढ्ने अपेक्षा गर्दै खुदव्याज आम्दानी बढाउन र खर्च घटाउने तर्फ ध्यान दिनुपर्ने सुझाव राख्नु भयो । सम्पतिको गुणस्तर, खुद सम्पतिको प्रतिफलमा सफल रहेको विचार राख्नु भयो । सुशासन र आन्तरिक नियन्त्रण प्रणाली चुस्त देखिएको, अबका दिनमा लगानीको नयाँ क्षेत्रको खोजि गर्न ध्यानाकर्षण गराउँदै संस्थाको प्रगतिको कामना गर्नु भयो ।

## ९. सभामा शेयरधनीहरुले प्रकट गर्नु भएको जिज्ञासा एवं प्रश्नहरुको जवाफ :

साधारण सभामा भर्चुअल माध्यम तथा सभाहलामा स्वयं उपस्थित भई सहभागी शेयरधनीहरुहरुबाट मन्तव्य राख्ने काम समाप्त भएपछि वक्ता शेयरधनीहरुबाट छलफलको क्रममा राखिएका जिज्ञासा, टिप्पणी तथा सुझावहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले स्पष्ट पार्दै प्रतिउत्तर दिनुभयो ।



First Microfinance

आगामी दिनमा समयमानै साधारण सभा गरिने, कर्मचारी शेयरधनी सबैको गतिबिधि समेटी वित्तीय विवरण प्रकाशित गर्ने, संस्थाको क्षमताको आधारमा बैठक भत्ता पुनरावलोकन गरिएको विषयमा शेयरधनीहरुलाई प्रष्ट पार्नु भयो । वक्ता शेयरधनी महानुभावहरुबाट प्राप्त सकारात्मक प्रतिक्रिया तथा टिप्पणीहरुको लागि हार्दिक धन्यवाद ज्ञापन गर्दै छलफलका क्रममा वक्ताहरुबाट राखिएका मन्तव्यहरु आगामी दिनमा कार्यान्वयन गर्नको लागि सुझावहरुको रुपमा प्राप्त हुन आएकाले उल्लेखित सुझावहरुलाई आगामी दिनमा सकारात्मक ढंगले कार्यान्वयन गर्दै लगिने प्रतिवद्धता अध्यक्षले सभा समक्ष व्यक्त गर्नुभयो ।

सक्रियतापूर्वक छलफलमा सहभागी भई आफ्ना बिचारहरु राखी रचनात्मक सुझावहरु प्रदान गर्नु भएकोमा सवै वक्ता शेयरधनीहरुलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । तत्पश्चात साधारणसभामा प्रस्तुत हुने निम्नानुसार प्रस्तावहरु पारित गर्न अनुरोध गर्दै अध्यक्षज्यूको आज्ञा अनुसार कम्पनी सचिवले निम्नानुसार प्रस्तावहरु निर्णयार्थ सभा समक्ष प्रस्तुत गर्नु भयो ।

१०. सभाको निर्णय:

(क) सामान्य प्रस्ताव तर्फ

१) आर्थिक वर्ष २०७६/७७ को सञ्चालक समितिको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. १ को विषयमा छलफल हुँदा सञ्चालक समितिको तर्फबाट एघारौं वार्षिक साधारण सभामा प्रस्तुत भएको सञ्चालक समितिको वार्षिक प्रतिवेदन छलफल पश्चात पारित गर्न निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रतिवेदन सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।**

२) लेखापरीक्षकको प्रतिवेदन सहित २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) वमोजिम समानान्तर रुपमा तयार गरिएको बार्षिक वित्तीय विवरणहरु उपर छलफल गरी पारित गर्ने ।

**प्रस्ताव नं. २ को सम्बन्धमा छलफल हुँदा लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७६/७७ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण र लेखा सम्बन्धी नीतिहरु सहितको तत् सम्बन्धी अनुसूचीहरु र नेपाल वित्तीय विवरण प्रतिवेदन मान (NFRS) बमोजिम समानान्तर रुपमा तयार गरिएको वार्षिक वित्तीय विबरणहरु समेत पारित गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाले सर्वसम्मतिबाट उक्त प्रस्ताव पारित गर्ने निर्णय भयो ।**

३) सञ्चालक समितिवाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पुँजीको ४.१८४२ प्रतिशतले हुने रु.३,३५,०४,६८३ (अक्षेरपि रु.तिन करोड पैंतिस लाख चार हजार छ सय त्रियासी मात्र) नगद लाभांश (कर सहित) पारित गर्ने ।

**प्रस्ताव नं. ३ को विषयमा छलफल हुँदा यस बैंकको सञ्चालक समितिको मिति २०७७/०७/२२ गते बसेको बैठकको निर्णयानुसार आर्थिक वर्ष २०७६/७७ सम्मको सञ्चित नाफाबाट साधारण सभा प्रयोजनका लागि शेयर दर्ता किताव वन्द भएको मितिमा कायम रहेका शेयरधनीहरुलाई यस संस्थाको चुक्ता पुँजीको ४.१८४२ प्रतिशतले हुने रु.३,३५,०४,६८३ (अक्षेरपि रु.तिन करोड पैंतिस लाख चार हजार छ सय त्रियासी**



First Microfinance

**मात्र) नगद लाभांश (कर सहित) स्वीकृति गरियोस् भनी सभा समक्ष प्रस्ताव पेश भएकोमा सभाबाट उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो ।**

४) कम्पनीको आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ र कम्पनी ऐन, २०६३ को दफा १११(३) बमोजिम वहालवाला लेखापरीक्षक श्री पिवाइसी एसोसिएट्स, चार्टर्ड एकाउन्टेन्टस् पुनः नियुक्त हुन योग्य हुनुहुन्छ) ।

**प्रस्ताव नं. ४ को विषयमा छलफल हुँदा कम्पनी ऐन, २०६३ को दफा १११ (३) र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को व्यवस्था अनुसार लेखापरीक्षण समितिले सिफारिस गरेबमोजिम आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण गर्न लेखापरीक्षक श्री पि.वाई.सी.एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेन्टस्लाई मुल्य अभिवृद्धि कर सहित रु.३,३९,०००।-(अक्षरेपि तीन लाख उनन्चालीस हजार मात्र) दिने गरी अन्तिम लेखापरीक्षण गरी नेपाल वित्तीय विबरण प्रतिवेदनमान तथा नेपाल राष्ट्र बैंकले तोकेको ढाँचा बमोजिमको लेखापरिक्षण प्रतिवेदन, कर लेखापरीक्षण, लङ्गफर्म अडिट रिपोर्ट, कम्पनी ऐनको दफा ७८ बमोजिमको विवरण र संक्षिप्त बार्षिक आर्थिक विवरणको प्रमाणीकरण लगायत बार्षिक रुपमा अन्तिम लेखापरीक्षकले सम्पादन गर्ने कार्यहरुको लागि एकमुष्ठ पारिश्रमिकको रुपमा प्रदान गर्ने गरी सर्वसम्मतिबाट स्वीकृत भयो ।**

५) सर्वसाधारण शेयरधनी (समुह 'ख') को तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन गर्ने ।

**प्रस्ताव नं. ५ को सर्वसाधारण शेयरधनी (समूह "ख") का तर्फबाट ३ जना सञ्चालकहरुको निर्वाचन सञ्चालन गर्न "फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लि. काठमाण्डौको निर्वाचन निर्देशिका, २०६९" बमोजिम मिति २०७७ कार्तिक २२ गते शनिवारका दिन बसेको सञ्चालक समितिको बैठकबाट नियुक्त हुनुभएका निर्वाचन अधिकृत अधिवक्ता श्री रामचन्द्र सुवेदीलाई निर्वाचित सञ्चालकको निर्वाचन तथा घोषणा गर्न अध्यक्षज्यूले समय प्रदान गर्नुभयो । निर्वाचन अधिकृत श्री रामचन्द्र सुवेदीज्यूले निर्वाचन अधिकृतको कार्यालयको कार्यक्रम अनुसार ३ जना सञ्चालकको आवश्यक पदमा ३ (तीन) जना मात्र उम्मेदवारहरुको मनोनयन पत्र दर्ता भएकाले उम्मेदवारहरु श्री बामदेव गौली, श्री यूवराज क्षेत्री र श्री गोर्खा फाइनान्स लि. का प्रतिनिधि ज्ञानेन्द्र ईवाहाङ सर्वसाधारण शेयरधनी (समूह "ख") का तर्फबाट आगामी १ कार्यकाल अवधिका लागि संचालक पदमा निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो ।**

First
Microfinance

ख) विशेष प्रस्ताव तर्फ

६) संचालक समितिबाट प्रस्ताव गरे अनुसार यस संस्थाको चुक्ता पुंजीको ९.५० प्रतिशतले हुने रु.७,६०,७०,४५४ (अक्षेरपि रु. सात करोड साठी लाख सत्तरी हजार चार सय चौवन्न मात्र) बोनस शेयर वितरण गर्न स्वीकृति प्रदान गर्ने ।

**प्रस्ताव नं. ६ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा संचालक समितिबाट प्रस्ताव गरे अनुसार चुक्ता पूँजीको ९.५० प्रतिशतले हुने रु.७,६०,७०,४५४ (अक्षेरपि रु. सात करोड साठी लाख सत्तरी हजार चार सय चौवन्न मात्र) बोनस शेयर वितरण गर्न सर्वसम्मतीले स्वीकृत गरी पारित भयो ।**

७) कम्पनीको वर्तमान अधिकृत, जारी तथा चुक्ता पुंजी रु.८०,०७,४०,७४६ (अक्षरेपी रु.असी करोड सात लाख चालीस हजार सात सय छयालीस) बाट बृद्धि गरी रु.८७,६८,११,२०० (अक्षरेपी रु.सतासी करोड अठसठ्ठी लाख एघार हजार दुई सय) पुऱ्याउने ।

**प्रस्ताव नं. ७ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्रको निम्नानुसार दफा संशोधन गर्ने निर्णय भयो :**

**प्रबन्धपत्रको दफा ६ को उपदफा (क), (ख), (ग) मा संशोधन :**

**(क) लघु वित्त वित्तीय संस्थाको अधिकृत पुंजी रु.८७,६८,११,२०० (अक्षरेपी रु.सतासी करोड अठसठ्ठी लाख एघार हजार दुई सय) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१०० दरका ८७,६८,११२ (सतासी लाख अठसठ्ठी हजार एक सय वाह्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**(ख) लघु वित्त वित्तीय संस्थाको तत्काल जारी गर्ने शेयर पुँजी रु.८७,६८,११,२०० (अक्षरेपी रु.सतासी करोड अठसठ्ठी लाख एघार हजार दुई सय) हुनेछ । सो पुँजीलाई प्रतिशेयर रु.१०० दरका ८७,६८,११२ (सतासी लाख अठसठ्ठी हजार एक सय वाह्र) थान साधारण शेयरमा विभाजन गरिएको छ ।**

**(ग) लघु वित्त वित्तीय संस्थाको तत्काल चुक्ता गर्न कबुल गरेको पुंजी रु.८७,६८,११,२०० (अक्षरेपी रु.सतासी करोड अठसठ्ठी लाख एघार हजार दुई सय) हुनेछ ।**

८) सञ्चालकहरुको बैठक भत्ता पुनरावलोकन गर्ने ।

**प्रस्ताव नं. ८ को विशेष प्रस्तावको सञ्चालकहरुको बैठक भत्ता, दैनिक भ्रमण भत्ता तथा भ्रमण खर्च पुनरावलोकन गर्ने सम्बन्धमा छलफल हुँदा यस लघु वित्त वित्तीय संस्था लिमिटेडको नियमावलीको निम्नानुसार दफा संशोधन गर्ने प्रस्ताव पारित गरियोस् भनी सभा समक्ष पेश भएकोमा सभाले उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्ने निर्णय भयो :**

**नियमावलीको दफा ३२ को उपदफा १ (ख) मा संशोधन :**

(ख) सञ्चालक समितिको बैंठकमा सहभागी भए बापत अध्यक्षले र अन्य सञ्चालकले पाउने प्रति बैंठक भत्ता क्रमसः रु.१०,०००/- र रु.९,०००/- हुनेछ । सञ्चालक संलग्न भई गठित समिति तथा उपसमितिहरुको वैठकमा सहभागी भए वापत त्यस्तो समिति तथा उपसमितिका संयोजक तथा सदस्य सञ्चालकहरुले पाउने प्रति वैठक भत्ता समेत सञ्चालककै सरह हुनेछ ।



First Microfinance

९) उपरोक्त प्रस्तावहरु बमोजिम प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने तथा सोही सम्बन्धमा नियमनकारी निकायबाट भएको निर्देशनलाई समेत समावेश गरी संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**प्रस्ताव नं. ९ को विशेष प्रस्तावको सम्बन्धमा छलफल हुँदा उपरोक्त बमोजिमको यस लघु वित्त वित्तीय संस्थाको प्रबन्धपत्र तथा नियमावलीका दफाहरुमा संशोधन गर्ने र नेपाल राष्ट्र बैंक वा अन्य नियमनकारी निकायबाट हुने फेरवदलका निर्देशनलाई समेत समावेश गरेर प्रबन्धपत्र तथा नियमावलीमा थप संशोधन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव सर्वसम्मतिले निर्णय भयो ।**

१०) नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने सम्बन्धी नियमावली, २०७३ बमोजिम फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्न स्वीकृत गर्ने ।

**प्रस्ताव नं. १० को नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त बैक तथा वित्तीय संस्थाहरुलाई जारी भएको बैंक तथा वित्तीय संस्था एक आपसमा गाभ्ने गाभिने सम्बन्धी नियमावली, २०७३ बमोजिम फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्था लिमिटेड र अन्य कुनै लघुवित्त वित्तीय संस्था गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) आवश्यक भएको अवस्थामा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ति (एक्विजिसन) कार्य सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियार प्रदान गर्न सर्वसम्मतिले स्वीकृत गर्ने निर्णय भयो ।**

**ग) विविध तर्फ**

११) सञ्चालकको नियुक्ति अनुमोदन गर्ने ।

**प्रस्ताव नं. ११ को विविध प्रस्तावको सम्बन्धमा छलफल हुँदा यस लघुवित्त वित्तीय संस्थाको संचालक समितिको मिति २०७७०७०१ गते बसेको १६९ औं बैठकको निर्णयबाट कुमारी बैंक लिमिटेड (साविक देव: विकास बैंक लिमिटेड) बाट प्रतिनिधित्व गर्ने श्री विबेक मान सिंह शाक्यको सट्टामा त्यसै बैंकको बरिष्ठ प्रबन्धक पदमा कार्यरत श्री गणेश कुमार के.सी. ज्यूलाई बैंकको प्रतिनिधिको रुपमा सञ्चालक पदमा मनोनयन गरि पठाएकोमा नीज के.सी. ज्यूलाई बाँकी अवधिका लागि सञ्चालक नियुक्त गरेकामा अनुमोदन गर्ने निर्णय भयो ।**

**११. धन्यवाद ज्ञापन तथा सभा विसर्जन:**

यस साधारण सभामा अन्य छलफलका विषयहरु नभएकोले कम्पनी सचिवज्यूले सभाको विसर्जन गर्न अध्यक्षज्यूलाई अनुरोध गर्नुभयो । अध्यक्षज्यूलेसभामा उपस्थित शेयरधनी महानुभावहरु, आमन्त्रित साथै प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा फर्स्ट माइक्रोफाइनान्स लघु वित्त वित्तीय संस्थाको एघारौं वार्षिक साधारण सभा सफल बनाउन सहयोग गर्ने सबैलाई धन्यवाद दिनुभयो र साधारण सभा सम्पन्न भएको घोषणा गर्नुभयो ।

दानराज पन्त
कम्पनी सचिव

First Microfinance

सुरेन्द्रराज रेग्मी
अध्यक्ष